बहुदरमाई नगरपालिका

# स्थानीय राजपत्र

खण्डः-२ | संख्याः- १ | मितिः २०८२/०२/१५

भाग-२

बहुदरमाई नगरपालिका

## स्थानीय सेवाका कर्मचारीको तहवृद्धि/स्तर वृद्धि सम्बन्धी कार्यविधि, २०८१

आज्ञाले,

नाम :- अजय कुमार श्रीवास्तव

प्रमुख प्रशासकीय अधिकृत

अजय कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

# स्थानीय सेवाका कर्मचारीको तहवृद्धि/स्तरवृद्धि सम्बन्धी कार्यविधि, २०८१

**बहुदरमाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय,**
**पर्सा, मधेश प्रदेश, नेपाल**

नगर सभाबाट स्वीकृत मिति २०८२/०२/१४ गते

बहुदरमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बहुअरी पिडारी, पर्सा
मधेश प्रदेश, नेपाल

अजय कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

सिंगासन सा तेली
नगर प्रमुख

# स्थानीय सेवाका कर्मचारीको तहवृद्धि/स्तरवृद्धि सम्बन्धी कार्यविधि, २०८१

**प्रस्तावना:**

बहुदरमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय साथै यस मातहातका सम्पूर्ण कार्यालयमा कार्यरत कर्मचारीहरु र कार्यालयको प्रभावकारी व्यवस्थापन मार्फत सेवा प्रवाहलाई सुदृढ एवम् प्रभावकारी बनाउन तथा स्थानीय सेवालाई सक्षम, सेवामूलक, सुशासनमुखी, उत्तरदायी, सहभागीतामूलक र व्यावसायिक बनाउँदै स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा तत्काल कानूनी व्यवस्था गरी बहुदरमाई नगरपालिकामा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि गर्न वाञ्छनीय भएकोले, मधेश प्रदेश सरकारबाट जारी भएको "स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१" को दफा १५५ ले दिएको अधिकार प्रयोग गरी बहुदरमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालयले स्वीकृत गरी यो कार्यविधि जारी गरेको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यविधिको नाम **"स्थानीय सेवाका कर्मचारीको तहवृद्धि/स्तरवृद्धि सम्बन्धी कार्यविधि २०८१"** रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२. परिभाषा:**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

(१) "ऐन" भन्नाले मधेश प्रदेश सभाबाट पारित भई प्रदेश राजपत्रमा प्रकाशित भएको स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ सम्झनु पर्दछ ।

(२) "प्रदेश" भन्नाले मधेश प्रदेश सम्झनु पर्दछ ।

(३) "कार्यालय" भन्नाले बहुदरमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पदर्छ ।

(४) "नगरपालिका" भन्नाले बहुदरमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(५) "कार्यपालिका" भन्नाले बहुदारमाई नगर कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

(६) "कार्यपालिका सदस्य" भन्नाले बहुदरमाई नगर कार्यपालिकाको सदस्य सम्झनुपर्दछ र सो शब्दले कार्यपालिकाको प्रमुख, उप-प्रमुख तथा वडा अध्यक्ष समेतलाई सम्झनुपर्छ ।

(७) "अख्तियारवाला" भन्नाले ऐनको दफा १५ बमोजिम स्थानीय सेवामा नियुक्ति, पदस्थापन, तहवृद्धि/स्तरवृद्धि र अवकाशको निर्णय गर्ने अधिकारी सम्झनुपर्छ ।

(८) "प्रमुख" भन्नाले बहुदारमाई नरपालिकाको नगर प्रमुखलाई सम्झनुपर्छ ।

(९) "उप-प्रमुख" भन्नाले बहुदरमाई नगरपालिकाको उप-प्रमुखलाई सम्झनुपर्छ ।

(१०) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले बहुदरमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालयको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

अजय कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

सिंहासन राय तेली
नगर प्रमुख

(११) "कर्मचारी" भन्नाले संघीय तथा प्रदेश सरकारबाट बहुदरमाई नगरपालिकामा खटी आएका, स्थानीय सरकारी सेवाको पदमा बहाल रहेको स्थायी, अस्थायी र करारका कर्मचारी सम्झनु पर्छ र सो सब्दले कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम समायोजन र नियुक्ति भएका कर्मचारीहरुलाई समेत जनाउँछ।

(१२) "तहवृद्धि/स्तरवृद्धि" भन्नाले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन,, २०८१ को दफा ४ र २९ बमोजिम गरिने तहवृद्धि/स्तरवृद्धिलाई सम्झनुपर्छ।

(१३) "तह मिलान" भन्नाले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ८ को उपदफा २२ बमोजिम गरिने तहवृद्धि/स्तरवृद्धिलाई सम्मझनु पर्दछ।

(१४) "प्रदेश लोक सेवा आयोग" भन्नाले मधेश प्रदेशको प्रदेश लोक सेवा आयोगलाई सम्झनु पर्दछ।

(१५) "वडा अध्यक्ष" भन्नाले बहुदरमाई नगरपालिकाको वडा अध्यक्षलाई सम्झनु पर्दछ।

(१६) "सभा" भन्नाले बहुदरमाई नगरपालिकाको नगर सभालाई सम्झनुपर्दछ।

(१७) "तहवृद्धि/स्तरवृद्धि सिफारिस समिति" भन्नाले यो कार्यविधिको दफा ६ बमोजिम गठित सिफारिस समितिलाई सम्झनु पर्दछ।

(१८) "मन्त्रालय" भन्नाले मधेश प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयलाई सम्झनु पर्दछ।

(१९) "स्थानीय सेवा" भन्नाले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३ बमोजिम स्थानीय तहमा रहने स्थानीय सरकारी सेवा सम्झनु पर्दछ।

(२०) "समायोजन ऐन" भन्नाले कर्मचारी समायोजन ऐन २०७५ सम्झनु पर्दछ।

(२१) "किताबखाना" भन्नाले मधेश प्रदेश निजामति किताबखाना सम्झनु पर्दछ।

(२२) "राष्ट्रिय किताबखाना" भन्नाले राष्ट्रिय किताबखाना (निजामति) हरिहरभवन सम्झनु पर्दछ।

(२३) "स्वास्थ्य सेवा" भन्नाले स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ३ बमोजिम स्थानीय तहमा रहने स्थानीय स्वास्थ्य सेवा सम्झनु पर्दछ।

**३. तहवृद्धि/स्तरवृद्धि सम्बन्धी व्यवस्थाः**

ऐनको दफा २९ को उपदफा १ र २ बमोजिम स्थानीय सेवामा कार्यरत कर्मचारीहरुको तहवृद्धि/स्तरवृद्धि गरिने छ।

**४. नियुक्ति तथा पदस्थापनः**

(१) प्रदेश लोक सेवा आयोबाट नियुक्तिको सिफारिस लिई कार्यालयमा आएको कर्मचारीलाई अख्तियारवाला नियुक्ति पदस्थापन तथा अवकाशको निर्णय गर्नेछ।

(२) ऐनको दफा २५ को उपदफा ११ बमोजिम ऐन प्रारम्भ हुनभन्दा पहिले साविकको स्थानीय निकायमा नियुक्ति भई हाल स्थानीय तहमा समायोजन भएका कर्मचारीहरुलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट दोहोरो सहमतीको आधारमा अर्को व्यवस्था नभएसम्मका लागि कामकाज गर्न खटाएको कर्मचारीहरुलाई आवश्यकता अनुसार प्रदेश सरकारले स्थानीय तहमा पदस्थापना गरिने व्यवस्था सम्झनु पर्दछ।

(३) स्थानीय तहमा लोक सेवा आयोगबाट २०७६ सालमा सिफारिस भई स्थानीय तहमा नियुक्त भएका मधेश प्रदेश भित्रका कर्मचारीहरुलाई सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट दोहोरो

अजय कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

सिंगासन साह तेली
नगर प्रमुख

समहमतिको आधारमा अर्को व्यवस्था नभएसम्मका लागि कामकाज गर्न खटाईएको कर्मचारीहरुलाई यस नगर कार्यपालिकाको कार्यालयमा हाजिर भएको मिति देखि नै सम्बन्धित सेवा, समूह, तह र पदमा पदस्थापन कायम गरिएको छ ।

**५. सूचना प्रकाशन गर्नेः**

(१) कार्यविधिको अनुसूची-१ बमोजिम बहुदरमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालयको स्थानीय सेवा (अन्य सेवा), स्वास्थ्य सेवा मा कार्यरत स्थायी कर्मचारीहरुको तह वृद्धि/स्तर वृद्धि मिलानको लागि आवेदन पेश गर्न प्रत्येक वर्षको जेष्ठ र मंसिर महिनामा ऐन बमोजिम सुचना प्रकाशन हुनेछ ।

**६. तहवृद्धि/स्तरवृद्धि सिफारिस समितिः**

(१) स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०८१ को दफा ४ को उपदफा ६ र दफा २९ को उपदफा १ र २ बमोजिम बहुदरमाई नगरपालिकामा कार्यरत स्थानीय सेवाका स्थायी कर्मचारीहरुको तहवृद्धि/स्तरवृद्धि गर्न ऐनको दफा २९ को उपदफा ५ बमोजिमको तहवृद्धि/स्तरवृद्धि सिफारिस समितिबाट कामकारवाही गरिनेछ ।

(२) समितिको सचिवालयको काम कार्यालयको कर्मचारी प्रशासन शाखाले गर्नेछ ।

(३) समितिको बैठक सञ्चालन सम्बन्धी कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

(4) समितिका पदाधिकारीहरुले नगरपालिकामा गठित अन्य समितिका सदस्यहरुले पाए सरहको बैठक भत्ता पाउनेछन् ।

**७. समितिको काम, कर्तव्य र अधिकारः**

(१) तहवृद्धि/स्तरवृद्धि सिफारिस समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

(क) तहवृद्धि/स्तरवृद्धि प्रयोजनको लागि कार्यालयबाट प्रकाशित सूचना बमोजिम पेश हुन आएका आवेदहरुको कागजातहरुको अध्ययन तथा विश्लेषण गर्ने,

(ख) ऐनको दफा २९ को उपदफा १ र २ बमोजिम योग्यता पुगेका कर्मचारीको तहवृद्धि/स्तरवृद्धिका लागि निर्णय गर्ने,

(ग) तहवृद्धि/स्तरवृद्धि सम्बन्धमा कुनै दुविधा भएमा प्रदेश लोक सेवा आयोगसँग परामर्श गर्ने ।

**८. दरखास्त दिनुपर्नेः**

(१) यस कार्यविधिको दफा ४ बमोजिम प्रकाशित सूचनाको म्यादभित्र तहवृद्धि/स्तरवृद्धिका लागि इच्छुक सम्भाव्य उम्मेद्वारले अनुसूची-१ बमोजिमको ढाँचामा तहवृद्धि/स्तरवृद्धि सिफारिस समिति समक्ष देहायका प्रमाण संलग्न राखी दरखास्त दुन पर्नेछः-

(क) अनुसूची - २ बमोजिमको निवेदन,

(ख) शुरु नियुक्ति पत्रको प्रमाणित प्रतिलिपि कागजात,

(ग) बढुवा भएको भए सो को प्रमाणित प्रतिलिपि कागजात,

(घ) सेवा अवधी प्रमाणित भएको कागजात,

(ङ) समायोजन भएको भए सो प्रमाणित प्रतिलिपि कागजात,

(च) सेवाकालीन तालिम लिएको भए सो को प्रमाणित प्रतिलिपि कागजात,

अजय कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

सिंगासन साह तेली
नगर प्रमुख

(छ) भौगोलिक क्षेत्रमा सेवा गरेको भए सो को प्रमाणित प्रतिलिपि कागजात,

(ज) पछिल्लो तीन वर्षको कार्यसम्पादन मूल्यङ्कन फारमको सक्कल कागजात ,

(झ) सेवा समूहसँग सम्बन्धित ऐनले तोकेको न्यूनतम शैक्षिक योग्यताको प्रविता प्रमाणपत्र, लब्धाङ्ग प्रमाणपत्र र चारित्रिक प्रमाणपत्रको उम्मेदवार स्वयमले प्रमाणित गरेको प्रतिलिपि कागजात,

(ञ) सेवा निरन्तर रहेको, विभागिय कार्यवाहीमा नपरेको, असाधारण विदामा नबसेको,

(ट) समितिले तोके बमोजिमका अन्य कागजात ।

**९. जाँझबुझ सम्बन्धी व्यवस्थाः**

(१) दफा ७ बमोजिम दर्ता भएका दरखास्त तथा कागजातह प्रमाणपत्रहरु दफा ४ बमोजिमको समितिले जाँचबुझ गर्नुपर्नेछ ।

**१०. सिफारिस गर्नुपर्नेः**

(१) दफा ८ बमोजिम कागजातको जाँचबुझ तहवृद्धि/स्तरवृद्धिको सूचनाको म्याद सकिएको ७ (सात) दिन भित्र पुरा गरी तहवृद्धि/स्तरवृद्धि गर्न योग्यता पुगेका उम्मेदवारहरुलाई समितिले सिफारिस गर्नुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको सिफारिस गर्दा कर्मचारीले तहवृद्धि/स्तरवृद्धि हुनु पूर्वको पदमा भएको स्थायी वा बढुवाको नियुक्ति अनुसारको शैक्षिक योग्यता, सेवाकालिन तालिमलाई आधार मानी क्रम निर्धारण गरी सिफारिस गर्नुपर्नेछ ।

**११. तहवृद्धि/स्तरवृद्धि लागि सम्भाव्य उम्मेदवार हुन नपाउने वा तहवृद्धि/स्तरवृद्धि रोक्का हुनेः**

(१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा दफा ४ बमोजिमको समितिले कर्मचारीलाई तहवृद्धि/स्तरवृद्धिको लागि सिफारिस गर्ने छैनः

(क) निलम्वन भएकोमा निलम्वन भएको अवधिभर,

(ख) तहवृद्धि/स्तरवृद्धि वा बढुवा रोक्का भएकोमा तहवृद्धि/स्तरवृद्धि वा बढुवा रोक्का अवधिभर,

(ग) असाधारण विदा वा अध्ययन विदामा बसेकोमा सो विदाको अवधिभर,

(घ) स्थानीय स्वास्थ्य सेवाका कर्मचारीको हकमा प्रचलित कानून बमोजिम गठन भएको स्वास्थ्य सम्बन्धि व्यवसायिक परिषदबाट नाम दर्ता निलम्वन भएको भए त्यस्तो निलम्वनको अविधिभर ।

**१२. तहवृद्धि/स्तरवृद्धि सम्बन्धी विशेष व्यवस्थाः**

(१) ऐनको दफा ४ को उपदफा ६ बमोजिम यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कर्मचारी समायोजन ऐन, २०७५ बमोजिम साविक स्थानीय निकायमा सहायक तेस्रो, चौथो, पाँचौ र अधिकृतस्तर छैठौ, सातौ, आठौ तहका कर्मचारीहरु स्थानीय तहको समान पदमा समायोजन भई यी ऐन जारी हुँदाको वखतसम्म पाँच वर्ष वा सोभन्दा बढी सेवा अवधी पुरा गरेका कर्मचारीहरुलाई एक पटकका लागि समायोजन हुनु भन्दा पहिलो सम्बन्धित पददेखि नै जेष्ठता कायम हुने गरी अख्तियारवालाले एक तह तहवृद्धि/स्तरवृद्धि गरि दिनेछ ।

अजय कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

सिंगासन साह कलवार
नगर प्रमुख

CamScanner

१३. सेवा/समूह/उप-समूह तथा पद सम्बन्धी व्यवस्थाः

(१) ऐनको दफा ३ को उपदफा १ बमोजिमका सेवाहरु रहनेछन् ।

(२) ऐनको दफा २९ को उपदफा १ बमोजिम तहवृद्धि/स्तरवृद्धि गर्दा देहाय बमोजिम गरिनेछः

| | | | | | |
|---|---|---|---|---|---|
| स्थानीय/नेपाल प्रशासन सेवा | सहायक पाँचौ तहबाट अधिकृत छैठौं तहमा तहवृद्धि हुँदा | | | | |
| | सेवा | समूह | उपसमूह | तह | पद |
| | स्थानीय प्रशासन सेवा | पाँचौ तहमा रहेकै कायम हुने | पाँचौ तहमा रहेकै कायम हुने | छैठौं | अधिकृत |
| | अधिकृत सातौं तहबाट अधिकृत आठौं तहमा तहवृद्धि हुँदा | | | | |
| | स्थानीय प्रशासन सेवा | सातौं तहमा रहेकै कायम हुने | सातौं तहमा रहेकै कायम हुने | आठौं | अधिकृत |
| | अधिकृत नवौ तहबाट अधिकृत दशौं तहमा तहवृद्धि हुँदा | | | | |
| | स्थानीय प्रशासन सेवा | नवौ तहमा रहेकै कायम हुने | नवौ तहमा रहेकै कायम हुने | दशौं | अधिकृत |

(३) ऐनको दफा २९ को उपदफा २ मा भएको व्यवस्था बमोजिम स्वास्थ्य सेवाको कर्मचारीहरुको तहवृद्धि/स्तरवृद्धि गर्दा देहाय बमोजिम गरिनेछः

| क्र.सं. | हालको तह | स्तरवृद्धि | सम्बन्धित तहमा सेवा गर्नु पर्ने अवधि | पछिल्लो दुई आर्थिक वर्षको कार्य सम्पादन मूल्यांकनप्राप्त गर्नु पर्ने अंक |
|---|---|---|---|---|
| १. | चौथो | पाँचौ | पाँच वर्ष | कम्तिमा उत्तम |
| २ | पाँचौ :<br>क) सुरु नियुक्ति भएका वा पाँचौ तहमा स्तरवृद्धि भई सो तहको लागि नुनतम शैक्षिक योग्यता पुरा भएका,<br>ख) पाँचौ तहमा आन्तरिक प्रतियोगितात्मक परीक्षा द्वारा बढुवा भए वा स्तरवृद्धि भएका मध्ये सो तहको लागि नुनतम शैक्षिक योग्यता पुरा भएका, | छेठौ<br>छेठौ | पाँच वर्ष<br>पाँच वर्ष | कम्तिमा उत्तम<br>कम्तिमा उत्तम |
| ३ | छेठौ :<br>क) छेठौ तहमा लोक सेवा आयोगको प्रक्रिया गरी नियुक्त भएका<br>ख) छेठौ तहमा स्तरवृद्धि भएका मध्ये बरिष्ठ पाँचौ तहमा तहमा मिलान भएका | सातौ<br>सातौ | स्वत:<br>पाँच वर्ष | <br>कम्तिमा उत्तम |

अजय कुमार श्रीवास्तव
प्रशासकीय अधिकृत

सिंगासन सा तेली
नगर प्रमुख

CamScanner

| | | | | |
|---|---|---|---|---|
| | ग) छेठौ तहमा स्तरवृद्धि भएका मध्ये पाँचौ तहमा शुरु नियुक्ति भएका | सातौ | पाँच वर्ष | कम्तिमा उत्तम |
| ४. | सातौ:<br><br>क) मेडिकल अधिकृत, डेन्टल अधिकृत,आयुर्वेद चिकित्सक, एकीकृत चिकित्सा अधिकृत वा सो सरहका अन्य चिकित्सा अधिकृत,<br><br>ख) खण्ड (क) बाहेकका छेठौ तहमा सुरु नियुक्ति भई सातौ तहको पदमा स्तरवृद्धि भएका र तहमा शुरु नियुक्ति भएका अन्य अधिकृत कर्मचारीहरु | आठौ<br><br><br><br>आठौ | स्वत:<br><br><br><br>तिन वर्ष | <br><br><br><br>कम्तिमा उत्तम |
| ५ | नवौ | दशौ | दुई वर्ष | कम्तिमा उत्तम |

**१४. ज्येष्ठता गणना सम्बन्धी विषेश व्यवस्था:**

(१) ऐनको दफा २८ को उपदफा १ बमोजिम तहवृद्धि/स्तरवृद्धि वा बढुवा प्रयोजनका लागि स्थानीय तहमा समायोजन भएका कर्मचारीको ज्येष्ठता गणना गर्दा तहवृद्धि/स्तरवृद्धि भएको वा नभएको दुवै अवस्थामा समायोजन हुँदाको तत्काल अघिको सेवा समूहको पदमा स्थायी नियुक्ति पाएको मितिवाट कायम हुने गरी सेवा अवधि गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम ज्येष्ठता कायम गर्न नसिकएमा हालको पदमा गरिएको सिफारिसको योग्यताक्रम, सम्बन्धित सेवा समूहको पदमा स्थायी सेवा गरेको अवधि र उमेरलाई क्रमशः आधार लिई छुट्याउनु पर्नेछ ।

**१५. तहवृद्धि/स्तरवृद्धि सम्बन्धी पत्र दिनुपर्ने:**

(१) यस कार्यविधि बमोजिम तहवृद्धि/स्तरवृद्धि वा बढुवा भएका कर्मचारीहरुलाई दरखास्त दिने अन्तिम मितिको ७ दिन भित्रमा सिफारिस समितिले अनुसूचि - ३ बमोजिमको ढाँचामा तहवृद्धि/स्तरवृद्धि सम्बन्धी पत्र दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिमको तहवृद्धि/स्तरवृद्धिको पत्र दिएको मितिले १५ दिन भित्र मन्त्रालय, प्रदेश लोक सेवा आयोग, प्रदेश निजमति कितिबखाना, कर्मचारी सञ्चयकोष, को.ले.नि.का., नगरपालिकाको प्रशासन शाखा, नगरपालिकाको आर्थिक प्रशासन शाखा जानकारी गराउनु पर्नेछ ।

**१६. तहवृद्धि/स्तरवृद्धि भएका कर्मचारीहरुको सेवा, सुविधा:**

(१) यस कार्यविधि बमोजिम तहवृद्धि/स्तरवृद्धि भएका कर्मचारीले तहवृद्धि/स्तरवृद्धि वा बढुवा लागू हुने मितिबाट तहवृद्धि/स्तरवृद्धि वा बढुवा भएको मितिबाट मात्र सेवा सुविधा प्राप्त गर्नेछ ।

(२) तहवृद्धि/स्तरवृद्धि वा बढुवा भएका कर्मचारीले खाईपाई आएको तलव भन्दा घटी हुने भएमा खाईपाई आएको तलब भन्दा घटी नहुने गरी ग्रेड मिलान गरिनेछ ।

(३) तहवृद्धि/स्तरवृद्धि वा बढुवा भएका कर्मचारीको सेवा निवृत्त वा अवकास हुँदा वापतको सेवा सुविधा प्रचलित कानून बमोजिम हुनेछ ।

**१७. ज्येष्ठता कायम:**

अजय कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

सिंगासन साह तेली
नगर प्रमुख

CamScanner

तहवृद्धि/स्तरवृद्धि हुने कर्मचारीको ऐन को दफा २९ को उपदफा ४ बमोजिम हुनेछ ।

**१८. जानकारी दिनुपर्नेः**

(१) यस कार्यविधि बमोजिम नगरपालिकाले गरेको तहवृद्धि/स्तरवृद्धिको जानकारी तहवृद्धि/स्तरवृद्धिको निर्णय भएको मितिले १५ दिन भित्रमा मन्त्रालय, प्रदेश लोक सेवा आयोग, प्रदेश निजामति किताबखाना, कर्मचारी सञ्चयकोष, को.ले.नि.का., नगरपालिकाको प्रशासन शाखा, नगरपालिकाको आर्थिक प्रशासन शाखालाई जानकारी गराउनु पर्नेछ ।

**१९. सचिवालयः**

(१) तहवृद्धि/स्तरवृद्धि सम्बन्धी सिफारिस समितिको सचिवालयको रुपमा नगरपालिकाको प्रशासन शाखामा रहनेछ ।

**२०. अभिलेख राख्ने सम्बन्धी व्यवस्थाः**

यस कार्यविधि बमोजिम तहवृद्धि/स्तरवृद्धि हुने कर्मचारीहरुको अभिलेख नगरपालिकाले दुरुस्त रुपमा राख्नु पर्ने छ । साथै सरोकारवाला निकायहरुबाट माग भएको वखत तत्काल उपलब्ध गराउनु पर्नेछ ।

**२१. कार्यविधिमा संशोधनः**

यो कार्यविधि परिमार्जन गर्नु परेमा कार्यपालिकाले प्रदेश लोक आयोगसँग आवश्यक परामर्श गरी संशोधन गर्न सक्नेछ ।

**२२. बाधा अड्काउ फुकाउन सक्नेः**

यो कार्यविधि कार्यान्वयनमा कुनै बाधा उतपन्न भएमा नगर कार्यपालिकाले आवश्यक निर्णय गरी बाधा अड्काउ फुकाउन सक्नेछ ।

**२३. प्रचलि कानून बमोजिम हुनेः**

यो कार्यविधिमा लेखिएको कुराको हकमा सोही बमोजिम र अन्य कुराको हकमा प्रचलित कानून बमोजिम हुनेछ ।

अजय कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

नगर प्रमुख

CamScanner

अनुसूची - १
(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)
सूचना प्रकाशन

# बहुदरमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

## बहुवरी पिडारी, पर्सा

मधेश प्रदेश, नेपाल

ने.सं..................

पत्र संख्याः

मितिः ....................

**विषयः तहवृद्धि/स्तरवृद्धि लागि निवेदन दर्ता गर्ने सम्बन्धी सूचना ।**

मधेश प्रदेश, स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ को उपदफा १ र २ बमोजिम तहवृद्धि/स्तरवृद्धिको लागि यस बहुदरमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय र यस अन्तर्गतका कार्यालयहरुमा कार्यरत योग्यता पुगेका कर्मचारीहरुले स्तरवृद्धिको लागि निवेदन साथ देहायका सम्पूर्ण कागजातहरुको प्रमाणीत प्रतिलिपी सहित यो सूचना प्रकाशित भएको मितिले ३० (तिस) दिन भित्र यस कार्यालको कर्मचारी प्रशासन शाखा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ ।

<u>देहायः</u>

- "कर्मचारी तह वृद्धि/स्तर वृद्धि सम्बन्धी कार्यविधि २०८१" को अनुसूची - २ बमोजिमको निवेदन,
- स्थानीय स्वास्थ्य सेवा बाहेकको हकमा तहवृद्धि हुने तह भन्दा एक तह मुनीको पदमा तीन वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजात तथा आवश्यक शैक्षिक योग्यता (नियुक्ति पत्र, समायोजन पत्र तथा सरुवा पत्र तथा रमाना पत्र तथा शैक्षिक प्रमाणपत्रको प्रामणित प्रतिलिपी)।
- पछिल्लो तीन आ.व. मा कार्यरत रहेको कार्यालयको नाम र ठेगाना ।
- स्थानीय स्वास्थ्य सेवाको हकमा स्तरवृद्धि हुने तह भन्दा एक तह मुनीको पदमा पाँच वर्ष सेवा अवधि पुगेको प्रमाण खुल्ने कागजात तथा आवश्यक शैक्षिक योग्यता (नियुक्ति पत्र, समायोजन पत्र तथा सरुवा पत्र तथा रमाना पत्र तथा शैक्षिक प्रमाणपत्रको प्रामणित प्रतिलिपी)।

सिंगासन सा तेली
नगर प्रमुख

अजय कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

बहुदरमाई नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बहुवरी पिडारी, पर्सा
मधेश प्रदेश, नेपाल

अनुसूची - २

(दफा ८ को उपदफा (१) सँग सम्बन्धित)

मिति ..................

तहवृद्धि/स्तरवृद्धि आवेदन फारम

निवेदकको फोटो

श्री संयोजक ज्यू,
तहवृद्धि/स्तर वृद्धि सिफारिस समिति,
बहुदरमाई नगरपालिका,
बहुदरमाई,पर्सा ।

**विषयः तहवृद्धि/स्तरवृद्धि गरि पाउँ ।**

उपर्युक्त विषयमा यस बहुदरमाई नगरपालिकाको तह वृद्धि/स्तर वृद्धि सम्बन्धि मिति २०८१/०१/........गतेको प्रकाशित सूचना बमोजिमको .............. सेवाको ............पदको ................/तहमा कार्यरत रहेको र उक्त सूचना बमोजिम देहाय बमोजिमको पदमा तह वृद्धि/स्तर वृद्धि हुन योग्य रहेको हुँदा तोकिए बमोजिमका कागजात संलग्न राखी यो निवेदन पेश गरेको छु ।

उम्मेदवारको विवरण:

१.उम्मेदवारको नामथर (देवनागरीमा):-
२.उम्मेदवारको नामथर (अंग्रेजी ठूलो अक्षरमा):-
३.कर्मचारी संकेत नं.:-
४.ठेगाना:-
५.सम्पर्क नं.:-
६.बाजे नाम:-
७.बाबुको नाम:-
८.आमाको नाम:-
९.शुरु नियुक्ति मितिः-
१०.हालको पद/तहको नियुक्ति मितिः-
११.हालको पद र तहः-
१२.सेवा/समूह/उपसमूहः-
१३.हाल कार्यरत कार्यालयको नाम:-
१४.स्तर वृद्धि हुन दावि गरिएको तहः-

हाल कार्यरत पद सम्बन्धी विवरण:

| सि.नं. | कार्यालयको नाम | सरुवा वा नियुक्ति वा बढुवा मिति | हाजिर भएको मिति | हासिल गरेको उच्चतम शैक्षिक योग्यता | हाल पदमा वहाल रहेको मिति देखि मिति सम्म | कै. |
|---|---|---|---|---|---|---|
| १. | बहुदरमाई नगरपालिका, पर्सा | | | | | |

दर्ता नं................
दर्ता मिति......................
दर्ता

.............
निवेदक
नाम/थरः
पदः
क.सं.नं.

**तहवृद्धि/स्तरवृद्धि लागि योग्य भए/नभएको अवस्था:**

१. विभागीय कार्वाही भएको/नभएको ......................भएको भए कुन कारवाही भएको ...... र कारवाही सकिने अवधि .......
२. मधेश प्रदेश, स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ बमोजिम तहवृद्धि/स्तरवृद्धि हुने पदका लागि चाहिने न्यूनतम शैक्षिक योग्यता हासिल गरेको/नगरेको .......................।
३. असाधारण र अध्ययन विदा बसेको/नबसेको ................. बसेको भए अवधि ........
४. निलम्बनमा परे/नपरेको.........................
५. नसिहत पाएको/नपाएको ................
६. बढुवा रोक्का भएको/नभएको.........................
७. पेशागत सम्बन्धित व्यवसायी परिषदको प्रमाण पत्रको अवधि.............
८. माथी उल्लेखित विवरण ठिक छ झुठा ठहरे कानुन बमोजिम सहुला बुझाउला ।

**सेवा अवधि र कार्यसम्पादन मुल्याङ्कनको विवरण (कार्यालय प्रयोजनका लागि)**

१. आवेदक कर्मचारीले समायोज हुनु पूर्व/समायोजन पश्चात/नियुक्ति पछि गरी हालको तहमा पुरा गरेको सेवा अवधी ...... वर्ष...... महिना...... दिन ।
२. आवेदक कर्मचारीको पछिल्लो तीन वर्षको कार्यसम्पादन मुल्याङ्कन वापत प्राप्ताङ्क र सो को औषत (स्वास्थ्य सेवाका आवेदक कर्मचारीको पछिल्लो दुई वर्षको का.स.मु.)
   १. आ.व. ........................................ को प्राप्ताङ्क ........................
   २. आ.व. ........................................ को प्राप्ताङ्क ........................
   ३. आ.व. ........................................ को प्राप्ताङ्क ........................
३. मधेश प्रदेश, स्थानीय सेवा (गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ तथा तहवृद्धि/स्तरवृद्धि कार्यविधि, २०८१ को दफा ८ को उपदफा १ बमोजिम न्यूनतम योग्यता र मापदण्ड पूरा गरेको देखिएकोले निजलाई हाल कार्यरत .............. ..... तहबाट ...........................तहमा ........................सेवा समूह/उप समूहमा तह वृद्धि/स्तर वृद्धि गर्ने निर्णय गरियो ।

| ........... | ........... | ........... |
|---|---|---|
| सदस्य | सदस्य | संयोजक |
| नाम/थरः | | |

बहुदरमाई नगरपालिका, नगर कार्यपालिकाको कार्यालय, बहुअरी पिपरा, मधेश प्रदेश, नेपाल

अजय कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

सिंगासन सा तेली
नगर प्रमुख

CS CamScanner

पदः पदः

अनुसूची - ३

(दफा १५ को उपदफा (१) सँग सम्बन्धित)

तहवृद्धि/स्तरवृद्धि सम्बन्धी पत्र

# बहुदरमाई नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

बहुवरी पिडारी , पर्सा

मधेश प्रदेश, नेपाल ने.सं.................

पत्र संख्याः

चलानी नं.

मितिः................

**विषय :- तह वृद्धि/स्तर वृद्धि गरिएको सम्बन्धमा ।**

महाशय,

मधेश प्रदेशको स्थानीय सेवा(गठन तथा संचालन) ऐन, २०८१ को दफा २९ को उपदफा १,२,३ र ४ बमोजिम र बहुदरमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालयको स्थानीय सेवाका कर्मचारीको तहवृद्धि/स्तरवृद्धि सम्बन्धी कार्यविधि, २०८१ तथा तहवृद्धि/स्तरवृद्धि सिफारिस समितिको मिति .............. गतेको निर्णयानुसार तहवृद्धि/स्तरवृद्धिको लागि सबै योग्यता पूरा गरेको मितिबाट ज्येष्ठता कायम हुने गरी तपाईलाई मिति ...................... गते देखि लागु हेने गरी देहाय बमोजिम तह वृद्धि/स्तर वृद्धि गरिएको छ ।

**तहवृद्धि/स्तरवृद्धि हुनु भएकोमा हार्दिक बधाई तथा कार्य सफलताको शुभकामना छ ।**

| कर्मचारीको हालको विवरण | कर्मचारीको तहवृद्धि/स्तरवृद्धि भएको विवरण |
|---|---|
| सेवाः | सेवाः |
| समूह/उपसमूहः | समूह/उपसमूहः |
| तहः | तहः |
| पदः | पदः |
| नियुक्ति मितिः | ज्येष्ठता लागु हुने मितिः |
| कार्यरत कार्यालयः | पदस्थापन गरेको कार्यालयः |

कर्मचारीको नाम, थर

कर्मचारी संकेत नं.

ठेगाना

..........................

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थः**

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार, काठमाडौं ।

श्री मुख्य मन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

श्री लोक सेवा आयोग केन्द्रिय कार्यालय, काठमाडौं ।

श्री प्रदेश लोक सेवा आयोग, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

श्री राष्ट्रिय किताबखाना(निजामती), हरिहरभवन, ललितपुर ।

श्री प्रदेश निजामति किताबखाना, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

श्री कर्मचारी संचयकोष, ठमेल, काठमाडौं ।

श्री सवाधिक जीवन बीमा कोष/ नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाडौं ।

श्री कोष तथा लेखा नियन्त्रक कार्यालय, पर्सा ।

श्री प्रदेश लेखा नियन्त्रक कार्यालय, मधेश प्रदेश, जनकपुरधाम, धनुषा ।

श्री आर्थिक प्रशासन शाखा, बहुदरमाई नगरपालिका, पर्सा ।

बहुदरमाई नगरपालिका नगर कार्यपालिकाको कार्यालय बहुवरी पिडारी

अजय कुमार श्रीवास्तव प्रमुख प्रशासकीय अधिकृत

सिंगासन सा तेली नगर प्रमुख

CamScanner